श्री सरस्वती आधारभूत विद्यालय

SHREE SARASWATI BASIC SCHOOL

सन्धिखर्क नगरपालिका-११, डिभर्ना, अमिले, अ.खा.

SANDHIKHARKA MUNICIPALITY-11, DIVARNA, AMILE, AKH.

स्था : २०१९

ESTD :2019

प.सं. : २०८३/०८४ मिति : २०८३/०७/२०

च.नं.०८ श्री सम्बन्धित सबै ।

विषय: सरुवा सहमतिका लागि दरखास्त आह्वान सम्बन्धमा ।

प्रस्तुत विषयमा यस श्री सरस्वती आधारभूत विद्यालय, सन्धिखर्क-११,अमिले मा प्राथमिक तह, तृतीय श्रेणी शिक्षक पद संख्या- १ (एक) दरबन्दी मिति २०८३/०७/१० गतेदेखि रिक्त रहेको हुँदा विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०७/१८ गतेको निर्णय तथा शिक्षा, युवा तथा खेलकुद शाखा, सन्धिखर्क नगरपालिकाको मिति २०८३/०७/२० गतेको च.नं. १०४ को अनुमति पत्रानुसार शिक्षा नियमावली २०५९ (दसौं संशोधन २०८३) को सरुवा सम्बन्धि व्यवस्था बमोजिम सरुवा प्रक्रियाबाट पदपूर्ति गर्नु पर्ने भएको हुँदा उक्त रिक्त दरबन्दीमा सरुवाका लागि योग्य, इच्छुक स्थायी शिक्षकबाट यो सूचना प्रकाशित भएको मितिदेखि १५ दिनभित्र कार्यालय समयभित्र सरुवा सहमतिका लागि अनुसूची १७ बमोजिमको ढाँचामा दरखास्त आह्वान गरिएको छ।

पेश गर्नुपर्ने कागजातहरू:

१. सरुवाको लागि निवेदन।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

३. आफ्नो सेवा अवधि खुल्ने कागजात।

४. स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि।

५. कार्यरत विद्यालयको सरुवा सहमति पत्र र सम्बन्धित स्थानीय तहको सहमति पत्र।

६. अन्तर जिल्ला सरुवा भएको हकमा सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय एकाइको सहमति पत्र।

७. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि।

८. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात।

९. शिक्षा नियमावली २०५९ (दसौं संशोधन) बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण/कागजात (आवश्यक भएमा)।

१०. निवेदन दिने अन्तिम मिति: २०८३/०८/०४ गते शुक्रबार कार्यालय समयभित्र।

११. म्याद नाघी आएका र रित नपुगेको निवेदन मान्य हुने छैन।

१२. विद्यालयको इमेल मार्फत पनि निवेदन दिन सकिनेछ।

बोधार्थ:

१. श्री शिक्षा विकास तथा समन्वय एकाइ, अर्घाखाँची (जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि)।

२. श्री सन्धिखर्क नगरपालिका, अर्घाखाँची (जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि)।

३. श्री सन्धिखर्क नगरपालिका,११ नं. वडा कार्यालय, अर्घाखाँची (जानकारीका लागि)।

Email: saraswatibasic11@gmail.com

सम्पर्क नं: (प्र.अ) ९८५७०६६९९० / (वि.व्य.स.अध्यक्ष) ९८५७०६६५२६

प्रधानाध्यापक

श्री सरस्वती आधारभूत विद्यालय

सन्धिखर्क,११ अर्घाखाँची